www.kdca.go.kr

네팔어

# क्षयरोग महामारी विज्ञान अनुसन्धान के हो ?




"क्षयरोग बिरामीको नजिक हुनुभयो भने, महामारी विज्ञान अनुसन्धानमा समावेश भई चेकअप गराउनु महत्वपूर्ण छ"



KDCA Korea Disease Control and Prevention Agency


결핵 역학조사반

## 01 क्षयरोग भनेको के हो ?



- क्षयरोग एक संक्रामक रोग हो जुन क्षयरोगको ब्याक्टेरिया सक्रिय भई शरीरमा वढ्दै जान्छ। क्षयरोग भएका बिरामीले खोक्दा,हाच्छ्युँ गर्दा वा कुरा गर्दा क्षयर ोगको ब्याक्टेरिया हावामा निस्कन्छ र परिवार वा साथिहरु जस्ता वरपरका मानिसहरुलाई संक्रमित हुन सक्छ।
- क्षयरोगका लक्षणहरु दुई हप्ताभन्दा बढी खोकी लाग्ने, ज्वरो आउने,सुत्ता चिसो पसिना आउने, छाती दुख्ने, तौल घट्ने, थकान लाग्ने, भोक नलाग्ने र हे मोप्टाइसिस हुने र प्रारम्भिक चरणमा कुनै लक्षण नदेखिन सक्छ।

## 02 अव्यक्त क्षयरोग संक्रमण के हो ?



- अव्यक्त क्षयरोग संक्रमण एक अवस्था हो जसमा एक व्यक्ति क्षयरोग ब्याक्टे रियाबाट संक्रमित हुन्छ र क्षयरोगको ब्याक्टेरिया शरीरमा रहन्छ तर सक्रिय वा फैलावट हुँदैन।
- अव्यक्त क्षयरोग संक्रमणको क्रममा कुनै लणहरु हुँदैन र क्षयरोगको ब्याक्टेरि या अन्य व्यक्तिहरुमा सर्दैन।

## 03 क्षयरोग महामारी विज्ञान अनुसन्धान के हो ?



- विधालय, कार्यस्थल जस्ता सामूहिक सुविधाहरुमा क्षयरोगका संक्रमक बिरामी दे खापरेमा बिरामी सँग नजिक रहेका व्यक्तिहरुमा महामारी विज्ञान अनुसन्धान गरिन्छ।
- द्रुत महामारी विज्ञान अनुसन्धान मार्फत क्षयरोगको फैलावट रोक्छौं, र अव्यक्त क्षयरोगको संक्रमणको उपचार प्रदान गर्दछौं, जसले भविष्यमा क्षयरोगको फै लावटलाई रोक्छ।

## 04 सम्पर्कमा रहनु भनेको के हो ?



- क्षयरोगका बिरामीहरुसँग भित्रि ठाउँहरुमा लामो समयसम्म नजिक रहने गर्दा क्षयरोग ब्याक्टेरियाबाट संक्रमित हुने उच्च जोखिममा रहेका व्यक्तिहरु।

## 05 सम्पर्क परीक्षण



### ① क्षयरोग परीक्षण


सक्रिय क्षयरोगको जाँच गर्न बिरामी सँग नजिक रहेका सबै व्यक्तिहरुमा छातीको एक्स(रे हुनेछ। छातीको एक्स(रे रिर्पाट क्षयरोग भएको शंका लागेमा कफको पर ीक्षण गरिन्छ

### ② अव्यक्त क्षयरोग संक्रमण परीक्षण


क्षयरोगको संक्रमण जाँच गर्न परीक्षणहरुमा ट्युबरकुलिन छाला परीक्षण र इन्टरफेरो न(गाना स्राव परीक्षण(रगत परीक्षण) गरीने छ।

परिक्षणको रिपोर्ट पोजेटिप आयमा क्षयरोग ब्याक्टेरियाबाट संक्रमित हुनुहुन्छ।

### • क्षयरोग र अव्यक्त क्षयरोग संक्रमण परीक्षण विधिहरु •




* त्रेक्ष अनुसन्धानको नतिजाको आधारमा परीक्षण विधि परिमार्जन गर्न सकिन्छ



# दैनिक जीवनम क्षयरोगको रोकथाम

1 खोकी शिष्टाचार अभ्यास गर्न निश्चित हुनुहोस्
- खोक्दा मुख र नाक आफ्नो लुगाको बाहुलाले छोप्नुहोस्
- खोकी सकेपछी 30सेकेन्डसम्म हात धुनुहोस्

2 खोकी र कफ दुई हप्ता भन्दा बढि लगातार लागे मा क्षयरोगको परीक्षण गराउनुहोस्

3 क्षयरोग महामारीविज्ञान अनुसन्धानको क्रममा परीक्षण गर्नुहोस्

## सोधपुछ र प्रचार प्रसार·शिक्षा सामग्री डाउनलोड

| | |
|---|---|
| क्षयरोग महामारीविज्ञान अनुसन्धान सोधपुछ आदि | कोरिया रोग नियन्त्रण र रोकथाम एजेन्सी वेबसाइट<br>www.kdca.go.kr |
| सम्बन्धित शिक्षाका सामग्री आदि | क्षयरोगZERO होमपेज<br>www.kdca.go.kr/tbzero |

〈शिक्षा मन्त्रालय वेबराइट〉स्टुडेन्ट इन्कोरिया व्यापक प्रणाली
www.studyinkorea.go.kr

〈न्याय मन्त्रालयको वेबसाइट〉प्रवास र वदिश नीतिमुख्यालय
www.immigration.go.kr

<Hi Korea>
www.hikorea.go.kr

## 06 प्रायजसो सोधिजे प्रश्नहरु

### Q अव्यक्त क्षयरोग संक्रमणको उपचार लिनुपर्छ ?

A बिरामी सँग नजिक रहेका व्यक्तिहरु सामान्य जनसंख्याको तुलनामा क्षयरोग विकासको उच्च जोखिमका कारणले उपचारको सिफारिस गरिन्छ। अव्यक्त क्षयरोग संक्रमणको पूर्ण उपचार गरेमा क्षयरोगको फैलावटलाई ढण्५सम्म रोक्न सकिन्छ।

**अव्यक्त क्षयरोग संक्रमणको उपचार गराएमा क्षयरोगलाई 90% रोक्छ**

मानक उपचार निर्धारित अवधि भित्र उपचार पूरा भयो भने, क्षयरोगको फैलावटलाई 90% रोक्न सक्छ।

*रिफाम्पिन 4महिना(4R), आइसोनियाजिड रिफाम्पिन 3महिना (3HR)को लागी सिफारिस गरिन्छ, आइसोनियाजिड ढमहिना (9H) थेरापी चयन गरिन्छ।




*स्रोत: किम जुसंग,राष्ट्रयि अव्यक्त क्षयरोग संक्रमण चेकअप परियोजना र उच्च जोखिम लक्ष्य व्यवस्थापनको मध्य(देखि दीर्घकालीन प्रभाव विश्लेषण. '20वर्ष कोरिया रोग नियन्त्रण र रोकथाम एनेन्सी नीति अनुसन्धान सेवा

### Q क्षयरोग वा अव्यक्त क्षयरोग संक्रमणको उपचार गर्न धेरै खर्च लाग्छ ?

A स्वास्थ्य बीमा दर्ता छ भने क्षयरोग र अव्यक्त क्षयरोग संक्रमण उपचार सम्बन्धी खर्च आफ्नो रकम सबै (छुट) पाउनु हुनेछ।

### Q सम्पर्क परीक्षण कसरी लिन सकिन्छ

A सामूहिक सुविधाहरुमा क्षयरोगको बिरामी देखा पर्यो भने, सुविधा क्षेत्राधिकार स्वास्थ्य केन्द्रमा महामारी विज्ञान अनुसन्धान सन्चालन गरेर बिरामी सँग नजिक रहेका व्यक्तिहरुलाई परीक्षण निर्धारण गरिनेछ। जनस्वास्थ्य केन्द्रद्वारा बिरामी सँग नजिक रहेका व्यक्तिहरु लाई परीक्षण मिति र स्थान बारेमा सूचित गरिने छ र निशुल्क परीक्षण गर्न सक्नुहुने छ।

### Q बिरामी सँग नजिक रहेका व्यक्तिहरुले अनिवार्य परीक्षण गराउनु पर्छ ?

A क्षयरोग महामारी विज्ञान अनुसन्धान 「संक्रामक रोग रोकथाम विधि」धारा ज्ञड, 「संक्रामक रोग रोकथाम ऐन」दफा 10 र 19 बमोजिम सोही अनुसार कार्यान्वयन गरिरहेका छौं। क्षयरोग रोगीहरुसँग एउटै भित्रिठाउँहरुमा बस्ने व्यक्तिहरु क्षयरोग ब्याक्टेरिया सर्ने र संक्रमित हुने उच्च जोखिम भएका कारणले अनिवार्य परीक्षण गराउनु पर्छ।

### Q अव्यक्त क्षयरोग संक्रमणको उपचार पाएन भने के गर्नुपर्छ ?

A अव्यक्त क्षयरोग संक्रमणको उपचार पाएन भने अव्यक्त क्षयरोग संक्रमणको रिपोर्ट लिएको समय देखि 1वर्ष सम्म तीन महिनाको अन्तरालमा छातीको एक्स(रे गर्नुपर्छ र क्षयरोग हो कि हैन भनी फलोअप गर्नुपर्छ।

